# प्रदेश नम्बर दुईको प्रशासकीय कार्यविधि (नियमित गर्ने ) विधेयक

प्रदेश सभा सचिवालय, प्रदेश नं. २

<u>प्रस्तावना</u>: प्रदेश सरकारलाई प्रशासकीय कार्यविधि नियमित गर्नको लागि आवश्यक पर्ने नियम, निर्देशिका, कार्यविधि, मापदण्ड आदि तर्जुमा गरि लागू गर्नका लागि अधिकार दिन बान्छनीय भएकोले,

प्रदेश नम्बर दुईको प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. <u>संक्षिप्त नाम, विस्तार र प्रारम्भ:</u> (१) यस ऐनको नाम "प्रशासकीय कार्यविधि (नियमित गर्ने ) ऐन , २०७५ रहेको छ ।

(२) यो ऐन प्रदेश नम्बर दुई भर तुरुन्त लागू हुनेछ ।

२. <u>नियम आदि बनाउने प्रदेश सरकारको अधिकार :</u> (१) आर्थिक, प्रशासनिक लगायत प्रदेश सरकारका सबै कार्यहरु सुचारु रुपले सम्पादन गर्न र बिभिन्न मन्त्रालय तथा कार्यालयहरुले अपनाएका

सबै प्रशासकीय विषयका कार्यविधि नियमित गर्नका लागि प्रदेश सरकारले आवश्यक ठानेको बिषयमा  नियम, निर्देशिका, कार्यविधि, मापदण्ड आदि बनाउन सक्नेछ ।

(२) उपदफा (१) अन्तर्गत बनाईएका नियम, निर्देशिका, कार्यविधि, मापदण्डहरुलाई प्रदेश सरकारले खारेज वा संशोधन गर्न सक्नेछ ।

प्रदेश सभा सचिवालय, प्रदेश नं. २